# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ०१-५७१९६४४/५/७
एक्स्टेन्सन: १३४२/१३४५/१३५९
E-mail : psdls@nrb.org.np
Web : www.nrb.org.np


पत्र संख्या : भु.प्र.वि./नीति/परिपत्र/०२/०८३/८४

मिति : २०८३/०६/२९

**श्री भुक्तानी सेवा प्रदायक संस्थाहरु ।**

विषय : **भुक्तानी सेवा प्रदायकहरुले सञ्चालन गरेका वालेटमा रकम जम्मा गर्ने सीमा (संख्या) लाई अस्थायी रुपमा वृद्धि गरिएको सम्बन्धमा ।**

महाशय,

भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनको अ. प्रा. निर्देशन नं. ५/०८२ को बुँदा नं. ३ को २ मा प्राकृतिक व्यक्तिको वालेटमा एक दिनमा बढीमा १० पटकसम्म रकम जम्मा गर्न सकिने व्यवस्था रहेकोमा बडा दशैंको शुभ अवसरमा **मिति २०८३/०६/३१ गतेदेखि मिति २०८३/०७/०८ गतेसम्म** र शुभ दिपावली तथा छठ पर्वको शुभ अवसरमा **मिति २०८३/०७/२१ देखि मिति २०८३/०७/२९ गते सम्म**का लागि **प्राकृतिक व्यक्तिको वालेटमा एक दिनमा बढीमा ५० पटकसम्म रकम जम्मा गर्न सकिने** व्यवस्था गरी उपरोक्त समयमा भएको कारोबारको संख्या र कारोबारको कुल रकम यस विभागलाई जानकारी गराउनु हुन समेत यो परिपत्र जारी गरिएको छ ।

**भवदीय,**

**(निश्चल अधिकारी)**
**कार्यकारी निर्देशक**